नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० | अंक ५३ | २०७७ साल असोज ३ गते शनिबार (19 Sep. 2020 Saturday) | मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : तीनै तहका सरकारलाई ... ३ पृष्ठमा : जनकपुर आइपुग्यो रेल,.. ३ पृष्ठमा : संयुक्त राष्ट्रसंघको महासभा...

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- हुलदङ्गा गर्नेलाई दुई वर्षसम्म कैद र बीस हजार रुपैयासम्म जरिबाना हुने,
- सार्वजनिक स्थानमा आवागमनमा बाधा गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- सार्वजनिक सेवा अवरुद्ध गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- सार्वजनिक शान्ति भङ्ग गर्ने, हुलदंगा गर्ने वा सार्वजनिक सम्बन्धलाई खलल पार्ने नियतले भुठ्ठा अफवाह फैलाउनेलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

# संगिता बलात्कार तथा आत्महत्या प्रकरणमा दुई मुख्य आरोपी पक्राउ





किशोरी बलात्कारको घटनामा संलग्न पक्राउ परेका सप्तरीको डाक्नेश्वरी नगरपालिका ७ निवासी २० वर्षिय रंजित भन्ने सरोज कुमार मण्डल र १८ वर्षिय बब्लु भन्ने सुमन कुमार मण्डल ।*तस्बिर : जिप्रका सप्तरी*

**दैनिक समाचारदाता**
**राजविराज, २ असोज ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिका ७ मा एक १७ वर्षिया किशोरीमाथी भएको बलात्कारको घटनामा संलग्न रहेको आरोपमा प्रहरी दुई जनालाई पक्राउ गरेको छ ।

यसअघि प्रहरीले पंचायतिमा रकमको प्रलोभन देखाई बलात्कार जस्तो घटना दबाउने खालको निर्णयमा सहभागि स्थानिय सत्यनारायण मण्डल, बासुदेव मण्डल र जयकान्त मण्डललगायत तीन जना पंचलाई पक्राउ गरिसकेको छ ।

बलात्कारमा संलग्न रहेको आरोपमा सोही ठाउँ निवासी १८ वर्षिय बब्लु भन्ने सुमन कुमार मण्डल र २० वर्षिय रंजित भन्ने सरोज कुमार मण्डल पक्राउ परेका हुन् ।

उनीहरुलाई भारतीय सीमासँग जोडिएको छिमेकी गाउँबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । यता फरार रहेका चार जना मध्ये दुई जना सहयोगी अझै फरार रहेका छन् ।

गत भदौं २९ गते धान खेतमा पानीको अवस्था हेर्न गएकी १७ वर्षिया संगिता मण्डलमाथी गाउँकै चार जनाले सामूहिक बलात्कार गरेको पीडित बालिकाकी आमा रधियादेबी मण्डलले बताएपछि गाउँमा भदौं ३० गते पंचायति बसेको थियो ।

पंचायतिमा गाउँका केही अगुवाहरुले ५५ हजार रुँपैया नगद लिएर घटना मिलापत्र गर्न दबाब दिएपछि त्यही पीडाबाट बिक्षिप्त बनेकी संगिता त्यसको भोलिपल्ट घरमै झुण्डिएर आत्महत्या गरेकी थिइन् ।
यता संगिताको शवको धरानस्थित विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मंगलबार पोष्टमार्टम सकिएपनि रिपोर्ट भने अझै प्राप्त भइनसकेको डिएसपी भारतीले जानकारी दिएका छन् ।

# जसपा संविधान दिवसमा सहभागि नहुने

**दैनिक समाचारदाता**
**राजविराज, २ असोज ।**

नेपालको नयाँ संविधान जारि भएको पाँच वर्ष बितेको छ । बि.स. २०७२ साल असोज २ गते संविधान जारि भएपछि तत्कालिन मधेश केन्द्रित दलहरु त्यसको बिरोधमा रहेका थिए ।

यता संविधान जारि भएको पाँच वर्षको अवसरमा असोज ३ गते शनिबार सरकारले संविधान दिवस मनाउँदै छ भने जनता समाजबादी पार्टीले विगत झै यो वर्ष पनि कालो दिवसको रुपमा मनाउने तयारी गरेको छ ।

पार्टीका अध्यक्षद्वय महन्थ ठाकुर र उपेन्द्र यादवद्वारा शुक्रबार जारी विज्ञप्तीमा संविधानमा भएको त्रृटीहरुलाई सच्याउन माँग गरिएको छ ।

जारि विज्ञप्तिमा जनआन्दोलन, जनयुद्व, ऐतिहासिक मधेश जनविद्रोह लगायतका विषयहरुमा सरकारसंग भएको सम्झौताहरु, नेपालको अन्तरिम संविधानमा भएका प्रावधानहरु, पहिलो संविधान सभामा सर्वसम्मत भइसकेको र जनताको अभिमतलाई समेत अनादर र उपेक्षा गर्दै सरकारले जनता माथि दमन र हत्या गरी जारि गरेको विभेदकारी, अधुरो, अपुरो एवं त्रटिपुर्ण सविंधानले मधेशी, महिला, जनजाती, दलित, मुस्लिम, थारु, शिल्पी, खस, अल्पसंख्यकलगायतका जात/जातीहरुको राष्ट्रिय मुद्दाहरुको सम्बोधन गर्ने नसकेकोले यो वर्ष पनि विभिन्न किसिमका विरोधका कार्यक्रमहरु गरी विरोध गर्ने उल्लेख छ ।

संविधानमा सघियता समावेशी लोकन्त्र, राष्ट्रिय पहिचान, समानुपातिक समावेशीकरण

*बाँकी अन्तिम पृष्ठमा*

**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**
**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दुःख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सावर्जनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रब्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

**भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।**

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

**फारम बितरण मिति : २०७७/५/३० गतेदेखी**
**फारम बुझाउने अन्तिम मिति : २०७७/६/१९**

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
**राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक**
**फोन नं. ०३१-५२१४७८**
**मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

iPay remit | WESTERN UNION MONEY TRANSFER | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money | Best Remit | City Express | IME pay | MoneyGram money transfer

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय

### राजनैतिक खिचातानी कहिलेसम्म !

नेपालको नयाँ संविधान जारि भएको आज पाँच वर्ष बितेको छ । यस अवधीमा पनि तत्कालिन मधेश केन्द्रित दल वर्तमान जनता समाजवादी दल विगत झैं यस वर्ष जारि संविधानलाई मान्न तयार छैनन् । संविधान भएको त्रृटीलाई संसोधन गर्न पटक पटक संसदमा आवाज उठाउँदा समेत हाल सम्म सो माँग पुरा नभएको भन्दै ती दल असन्तुष्ट रहेका छन् । यसरी पाँच वर्षको अवधीमा तत्कालिन आधा दर्जन बढी मधेश केन्द्रित दलहरु अहिले एकीकृत भई संसदमा तेश्रो ठूलो दलको रुपमा रहेको छ ।

संविधान जारि भएकै दिनदेखी ती दल संविधान संशोधनका लागि आवाज उठाइरहेका छन् । तर, सोही समयदेखी आवाज उठाएपनि तीनै तह स्थानिय, प्रदेश र संघीयको निर्वाचनमा सहभागि भई प्रदेश २ को सरकार चलाइरहेका छन् । यता जारि संविधानकै आधारमा तीनै तहको सरकार रहेको छ ।

संविधान जारि भएको भोलिपल्ट असोज ३ गते सरकारले संविधान दिवस मनाउदै छ भने जसपाले बिरोध गर्ने भएको छ । यसरी पाँच वर्षको अवधीका जसपाको माँग पुरा हुन नसक्नु र संघीय सरकारले ती दललाई बेवास्ता गर्दै जानु भनेको देश राजनैतिक द्वन्द्वबाट अझै टाढा हुन सकेको छैन् । तसर्थ यस्तो अवस्थालाई राजनैतिक वार्ताबाटै सुल्झाउनु जसपाको माँगप्रति संघीय सरकार गम्भिर हुनु पर्ने अवस्था रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# तीनै तहका सरकारलाई बलियो बनाउनु पर्छ : मुख्यमन्त्री राउत

जनकपुरधाम, २ असोज (रासस) ।

मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जारी भएको पाँच वर्ष पूरा हुँदैछ । सङ्घीय प्रणालीको एक प्रमुख हिस्सेदार प्रदेश सरकार हो । प्रदेश सरकारले संविधानद्वारा प्रत्यायोजित अधिकारहरू निर्वाध रूपमा उपयोग गर्न पाएको छ कि छैन ? उसका सामु के कस्ता चुनौती छन् ? केन्द्रसँग उसका अपेक्षा के के छन् ? यिनै प्रश्नहरूको सेरोफेरोमा रहेर प्रदेश नं. २ का मुख्यमन्त्री लालबाबु राउतसँग रासस प्रदेश प्रमुख हिमांशु चौधरीले लिनुभएको अन्तर्वार्ताको सारसंक्षेप यहाँ प्रस्तुत गरिएको छ :

**संविधान कार्यान्वयनको सन्दर्भमा विगत चार वर्षका अवधिलाई कसरी मूल्याङ्कन गर्नु हुन्छ ?**

- केन्द्रीकृत एकात्मक शासन व्यवस्था, असमान व्यवहार, एकल जातीय चिन्तनले सञ्चालन भइरहेको शासन व्यवस्था विरूद्ध भएका मधेश आन्दोलन, जनआन्दोलन र विद्रोहको निष्कर्षमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान कार्यान्वयनमा आएको हो । संविधानले सङ्घीयता र गणतन्त्रका भावभूमिमा जनताको गन्तव्यलाई स्पष्ट पारेको छ । सङ्घीयतालाई जनताको दैलोसम्म पुऱ्याउन सङ्घीयतालाई अङ्गीकार गरेका विश्वका अन्य राष्ट्रले झैं प्रारम्भमा सामना गर्नुपरेको जटिलताबाट नेपाल पनि अछुतो छैन । परिस्थितिजन्य अवस्थालाई सामना गरी शासन व्यवस्थालाई सही गोरेटोमा ल्याउन आवश्यक छ । हाल सङ्घीयताले परिकल्पना गरेको शासकीय संरचनाको अन्योल मनोदशा नै मूल समस्याको रूपमा देखिएको छ । परिणामस्वरुप संविधानमा उल्लिखित अधिकारलाई सहज रूपमा जनताले उपभोग गर्न पाउने अवस्था सिर्जना हुन सकेको छैन । चुनौतीको सामना गर्दै यथार्थमा मुलुकको समृद्धि र विकास सङ्घीय परिवेशमा नै हुने शासकीय स्वरूप निर्माण गर्नु अपरिहार्य छ ।

**प्रादेशिक सरकार र स्थानीय सरकारको मूल तत्व सङ्घीय प्रणालीको व्यावहारिक स्थिति कस्तो छ ?**

- संविधानमा तीनै तहका सरकारलाई स्पष्ट अधिकार र जिम्मेवारी तोकिएको छ तर, प्रदेश र स्थानीय सरकारले सङ्कटको सामना गरिरहेको अवस्था कसैबाट लुकेको छैन । कोरोना महामारीले भयाक्रान्त अवस्थामा प्रदेश र स्थानीय सरकारले आइसोलेशन, क्वारेन्टाइन निर्माण र प्रभावितलाई पुऱ्याएका सेवा सङ्घीय प्रणालीकै दृष्टान्त हो । सङ्घीय संरचना भएकै कारण विद्यमान समस्याको सामना गर्नमा दुवै तहका सरकारबीच सहमति र सहकार्यको सबल व्यावहारिक स्थिति छ । तथापि केन्द्रीय सरकारमा सङ्घीय प्रणालीप्रति इमान्दार स्वीकोरोक्ति स्पष्ट रूपमा देखिनु जरुरी छ ।

**तपाईंको अनुभवमा संविधानले दिएका अधिकार उपयोग गर्ने क्रममा के के समस्या वा कठिनाई झेल्नुपऱ्यो ?**

- संविधानमा अधिकार उपयोगका सम्बन्धमा अनुसूची नै लेखिएको छ तर, व्यावहारिक पक्ष कमजोर छ । अनुसूचीमा लेखिएबमोजिमको ऐन, कानून निर्माणको कार्यप्रति सङ्घ संवेदनशील हुनुपर्दछ । ऐन, कानून निर्माणप्रतिको उदासीनताले प्रदेशका काम प्रभावित भएका छन् । अझै सङ्घीय संरचना अनुसारको स्वरूप दिन सकिएको छैन । सङ्घद्वारा बनाइएको अधिकाँश ऐन, कानूनमा प्रदेशलाई सङ्कुचन गरिएको छ । बजेट वितरणदेखि कानून निर्माणसम्ममा उदारता देखिनु पर्छ । सङ्घीय निजामती ऐन निर्माणमा ढिलाइ हुँदा प्रदेशको लोकसेवाले गति लिन सकेको छैन । यो दुःखको कुरा हो ।

**सिंहदरबारको अधिकार गाउँ-गाउँसम्म पुग्ने भनिएकामा केन्द्रले अझै अधिकार प्रत्यायोजन नगरेको तपाईहरूबाट अभिव्यक्ति आउने गरेको छ । केन्द्रसँग तपाईहरूको खास खास माग के के हुन् ?**

- सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानले परिकल्पना गरेझैं सिंहदरबारको अधिकार गाउँ-गाउँसम्म पुग्न सकेको छैन । अधिकार सिंहदरबारभित्रै राखिएको छ । बजेट नदिने, सङ्घीयता विरोधीहरूलाई सल्लाहकार बनाउने, एकात्मक केन्द्रीकृत सोच पाल्ने कामले सिंहदरबारको अधिकार गाउँ-गाउँसम्म पुऱ्याउने अभियान नारामा मात्र सीमित रहन पुगेको छ । महिला, मधेशी, दलित, मुस्लिम, थारू, अपाङ्गता भएका, सीमान्तकृत वर्गप्रति भेदभाव अद्यापि कायमै छ । समावेशी र समानुपातिक नीतिलाई उपेक्षा गरिएको छ । राजनीतिक नियुक्तिमा न्यायोचित अधिकार उपयोग गरिएको छैन । आमाका नाममा नागरिकता दिने सवाललाई गौण बनाइएको छ । संविधान संशोधनका मुद्दालाई ओझेलमा पारिएको छ । अतः केन्द्रले भेदभाव, अधिकार कटौतीको अन्त्य, समान सहभागिता अनुरूपको अधिकार प्रत्यायोजन र संविधानको अक्षरशः पालन गरी सङ्घीयतालाई दिगो बनाउने वातावरण निर्माणमा प्रतिवद्ध हुनु पर्दछ ।

**संविधानका कतिपय बूँदामा असन्तुष्टि र विरोधाभासका स्वर बेलाबखत सुनिने गरेकामा सबै नेपालीलाई संविधानप्रति अपनत्व महशुस गर्न दिन के गर्नुपर्छ ?**

- संविधानप्रति सबै नेपालीलाई अपनत्व महशुस गराउन सङ्घीय चरित्रलाई अवलम्बन गर्नु आवश्यक छ । यही जगमा जनताका अधिकारहरू सुनिश्चित हुनुपर्दछ । स्रोत र साधनले सम्पन्न गराई जीवनस्तरमाथि उठाउने र रोग, भोक र अभावबाट मुक्ति दिने लक्ष्यको निर्धारण आवश्यक छ । संविधानले दिएका अधिकारलाई यथार्थमा परिणत गर्न तीनै तहलाई बलियो बनाउँदै संविधानका असन्तुष्टिका बूँदालाई सच्याएर सबैको पहुँच, आफ्नाका लागि आफैंबाट शासन, न्यायपूर्ण भूमि व्यवस्थापन, जातीय तथा लैङ्गिक भेदभावको अन्त्य, प्राकृतिक स्रोतसाधनमाथि स्वामित्व, अल्पसङ्ख्यकको अधिकार, समावेशी र समानुपातिक पद्धतिको व्यावहारिक धरातलमाथि अपनत्व महशुस गराउनु पर्दछ ।



प्रदेश नं. २ का मुख्यमन्त्री लालबाबु राउत

**संविधानमा प्रत्याभूत मधेशी, दलित, महिला, मुस्लिम, थारू, अपाङता भएका, सीमान्तकृत वर्गको अधिकारको कार्यान्वयनमा व्यावहारिक कमजोरी के-के देख्नु हुन्छ ?**

- मधेशी, दलित, महिला, मुस्लिम, थारू, अपाङता भएका, सीमान्तकृत वर्गको अधिकार प्रत्याभूत गर्ने सन्दर्भमा तर्जुमा गरिएका ऐन, कानून मैत्रीपूर्ण छैनन् । समानुपातिक र समावेशी नीतिप्रति मौखिक प्रतिबद्धता मात्र गरिँदै आइएको छ । दोहन, शोषण गर्ने, आफूखुशी गर्ने संस्कृतिबाट मुक्त भएको अवस्था छैन । उत्पीडित वर्गप्रति न्याय भयो भने संविधानप्रति अपनत्व बोध हुन सक्छ तर, केन्द्रीय सरकारले यी वर्गसामु आश्वासन मात्रै दिइरहेको छ । सरकारद्वारा नियुक्ति दिँदा यी वर्गसँग गरिएका विभेदको परिदृश्य संविधानको मर्मसंग मेल खाँदैनन् ।

**प्रदेश र सङ्घ बीचका साझा अधिकारका विषयमा बन्नु पर्ने कानून, नीतिहरू समयमै बन्न नसक्दा अन्योलता उब्जिएको गुनासो सुनिएको छ । तपाईंको अनुभवले के भन्छ ?**

- सबैको साझा लक्ष्य 'समृद्धि'लाई केन्द्र सरकारको घेराभित्र मात्र राखिनु हुन्न । साझा लक्ष्यलाई एकल बनाइनु हुन्न भन्ने लाग्छ । साझा लक्ष्य हासिल गर्न साझा सोच, विचार र प्रक्रिया अङ्गीकार गर्नुपर्दछ । जनतालाई अधिकारसम्पन्न बनाई हरेक वर्ग, समुदाय र क्षेत्रका जनतालाई समान अवसर प्रदान गर्नुपर्दछ । हामी एकल दृष्टिकोण नथोपरियोस् भन्ने चाहन्छौं । समयमै नीति बन्न नसक्दा जनअपेक्षाको कार्य सम्पादनदेखि साझा अधिकार अन्तर्गत पर्ने संयन्त्रबीच अन्योलको स्थिति छ ।

**संविधान दिवसका अवसरमा नेपाली जनता र खासगरी प्रदेशवासीलाई के आग्रह गर्न चाहनु हुन्छ ?**

- संविधानलाई साझा दस्तावेज बनाइयोस्, कुनै पनि समुदायप्रति विभेद नहोस्, एकल सोच, चिन्तनको अन्त्य गरी सङ्घीय जीवन पद्धति अवलम्बन होस् । यसका लागि संविधानप्रतिको असन्तुष्टिको सम्बोधन जरूरी छ । आशावादी छौं, संविधानमा भएका त्रुटि, गुनासोको सम्बोधन अवश्य हुनेछ । मूलतः संविधानका असन्तुष्टिको सम्बोधन र संशोधनले नै संविधान साझा दस्तावेज बन्न सक्ने यथार्थलाई सार्थक बनाउन सबैसँग आग्रह गर्छु ।




नेपाली काँग्रेसका नेता स्व. गणेशमान सिंहको २३ औं स्मृती दिवसको अवसरमा विपि विचार युवा नेतृत्व विकास मञ्च र नेवि संघ सप्तरीले शुक्रबार राजविराजस्थित जनआन्दोलन चौकमा दिप प्रज्जवलन गरिदै ।

*तस्बिर : राजविराज दैनिक*

# जनकपुर आइपुग्यो रेल, सरकारलाई हस्तान्तरण हुँदै

जनकपुरधाम, २ असोज (रासस) : एउटा इन्जिन र चार बोगीसहितको रेल शुक्रबार दिउँसो २ बजेतिर जनकपुर आइपुगेको छ । बिहीबार साँझ नेपाल भारतको सीमास्थित जयनगर स्टेशनमा आइपुगेको रेल शुक्रबार दिउँसो २ बजेतिर जनकपुर आइपुगेको हो । रेल सेवा बन्द भएको झन्डै छ वर्षपछि सेवा विस्तार गरेर ब्रोडगेज रेल सेवा नियमित हुन लागेको नेपालको इतिहासमा नै यो पहिलो हो ।

जनकपुर-जयनगर रुटमा सञ्चालनको लागि भारतको सरकारी कम्पनी कोनकन रेल्वेज कर्पोरेसन लिमिटेडले निर्माण गरेको नयाँ दुई सेट रेल सो कम्पनीले अबको केही बेरमै नेपाल सरकारलाई हस्तान्तरण गर्ने रेल विभागका माहानिर्देशक बलराम मिश्रले जानकारी दिनुभयो । जनकपुरको पुरानो रेल्वे स्टेशनमा रेल हस्तान्तरणका लागि एक कार्यक्रमको आयोजना गरिएको छ ।

बहुप्रतिक्षित रेल जनकपुर आइपुगेपछि हेर्नका लागि स्थानीयवासीको व्यापक घुँइचो लागेको छ । नेपालको राष्ट्रिय झण्डाको रङ्ग रातो, निलो र सेतो पेन्ट गरिएको रेल भारतको पटनास्थित हाजीपुर स्टेशनबाट जयनगर हुँदै जनकपुर आइपुगेको हो । रेल विभागले २०१९ को मे महिनामा रु ८४ करोड ६५ लाखमा भारतको सरकारी कम्पनी कोनंकन रेल्वेज कर्पोरेसनसँग रेल किन्ने सम्झौता गरेको थियो । इन्जिनसहित ६ वटा बोगीमा एकपटकमा एक हजार दुई सयदेखि एक हजार तीन सय यात्रु यात्रा गर्नसक्ने र प्रति बोगीको सिट क्षमता ७५ रहेको बताइएको छ । यसअघि नेपालमा कोइला इन्जिन भएको रेल चल्ने गरेको थियो जुन विगत ६ वर्षदेखि बन्द अवस्थामा छ । अब भने डिजेल इलेक्ट्रिफाइड मल्टिपल युनिट प्रविधि (डिइएमयु) को रेल चलाउन लागिएको हो । यो रेल डिजेलबाट निस्कने बिजुलीबाट चल्छ ।

महानिर्देशक मिश्रका अनुसार सबै तयारी समयमै पूरा भए एक महिनापछि सञ्चालनमा ल्याउन सकिन्छ । सरकारले २०७५ को पुसबाट जनकपुर-जयनगर रेल चलाउने घोषणा गरेको थियो । अहिले जनकपुर-जयनगर रेलमार्गको लिक पनि पूर्ण रुपमा दुरुस्त अवस्थामा छैन । २०७५ मा गएको बाढीका कारण रेलमार्गमा ठूलो क्षति पुगेको थियो । रेलमार्ग मर्मतका लागि भारतीय पक्षले काम गरिरहेको विभागले जनाएको छ । कुर्था-जनकपुर-जयनगर रेलमार्गको पुरानो न्यारोगेजलाई हटाएर ब्रोडगेजका रुपमा विस्तार गरिएको छ । भारतीय निर्माण कम्पनीमार्फत नै यो काम भएको हो । सन् २०१४ बाट ब्रोडगेज लिक निर्माणको काम शुरुवात भएको थियो । ३५ किलोमिटरको रेलमार्गमा ब्रोडगेज विस्तारका लागि सिभिलतर्फका सबै काम २०७५ सालमा नै सकिएको थियो । यसमा स्टेशनहरु तयार नै छन् । भारतीय कम्पनीले नयाँ कार्यालय भवन, भन्सार कार्यालय, कर्मचारीको आवास गृह पनि निर्माण गरेको छ ।

सरकारले रेल सेवा सञ्चालनका लागि सरकारी स्वामित्वको नेपाल रेल्वे कम्पनीलाई जिम्मा दिएको छ । यसका लागि १२९ कर्मचारी भर्ना गरिँदैछ । कर्मचारी भर्नाका लागि विभागले केही दिन अघि करारमा कर्मचारी भर्ना गर्ने सम्बन्धी विज्ञापन समेत निकालेको छ । रेल्वे विभागले तीन दिन अगाडि मात्रै एक सय २९ कर्मचारी राख्न दरखास्त माग गरिसकेको छ । कर्मचारीका लागि फारम भर्ने अन्तिम मिति असोज १२ सम्म तोकिएको छ ।

यसअघि पनि जनकपुर-जयनगर रेल नेपाल रेल्वे कम्पनीले नै चलाउँथ्यो । नेपालमा सन् १९७२ मा नेपाल रेल्वे कम्पनी स्थापना भएको थियो । नेपालीसँग रेल चलाउने खासै अनुभव नभएकाले प्राविधिक जनशक्ति भारतबाट ल्याउन मन्त्रिपरिषद्को बैठकले स्वीकृति दिइसकेको छ । ब्रोडगेज रेल चलाउन नेपालमा अनुभवी जनशक्ति नभएकाले केही वर्षका लागि भारतीय कामदार ल्याउने योजना छ । अप्राविधिक कर्मचारी नेपाल कै रहन्छ । कम्पनीमा अहिले रेल्वे इन्जिनीयरसहित मेकानिकल इन्जिनीयर, चालक, स्टेशन म्यानेजर, टिकट काट्ने र जाँच्नेलगायत कर्मचारीको दरबन्दी सिर्जना गरेको छ । केही समय भारतबाट आउने जनशक्तिले नेपालीलाई प्रशिक्षित गर्ने योजना रहेको विभागले जनाएको छ ।

भारतको जयनगरदेखि कुर्थासम्म रेल्वे सञ्चालनका लागि तीन हल्ट र पाँच स्टेशन निर्माण गरिएको छ । यात्रुवाहक रेल गुडाउन जयनगर-बर्दिवास ६९ किलोमिटरको ब्रोडगेज सञ्चालनका लागि काम भइरहँदा जयनगर-जनकपुर रेल लिकलाई गत असोज २६ गते मालबाहक रेल गुडाएर परिक्षण गरिएको थियो । रमण कन्स्ट्रक्सनले भारतको झारखण्डबाट रेल्वे लिकमा प्रयोग हुने गिट्टी ब्लास्ट बोकेको ५३ वटा डब्बा रेलको माध्यमबाट नै ल्याएको थियो । भारतको जयनगरबाट धनुषाको कुर्थासम्म ३५ किलोमिटर लम्बाइको यो रेलमार्गका अरु भौतिक पूर्वाधार निर्माण भइसकेको छ । यस क्षेत्रमा रेल लाइन तथा रेल्वे स्टेशन तयार भइसकेको छ । यसमा कुर्थाबाट विजलपुरा खण्ड १७ किलोमिटर समेत गरेर ५२ किलोमिटरमा रेल चलाउने तयारी छ ।

# प्रदेश-२ मा सशस्त्र खप्रहरीको रिजर्भ गण स्थापना

महोत्तरी, २ असोज (रासस) ।

सशस्त्र प्रहरीले सीमा सुरक्षामा जनशक्ति बढाउँदै प्रदेश-२ मा थप गण सञ्चालनमा ल्याएको छ । प्रदेश-२ का भारतसँग दक्षिणी सीमा जोडिएका आठ वटै जिल्लामा सुरक्षा प्रबन्ध थप सुदृढ बनाउन बिहीबार महोत्तरीको बर्दिवास-४ माईस्थानमा रिजर्भ गणको कार्यालय स्थापना गरी सञ्चालनमा ल्याइएको हो ।

सशस्त्र प्रहरी बल प्रदेश-२ मुख्यालय छिन्नमस्ता बाहिनी बर्दिवासका प्रमुख तथा बाहिनीपति (सशस्त्र प्रहरी नायब महानिरीक्षक) कृष्णभक्त ब्रह्मचार्यले बाहिनी परिसरमै सशस्त्र प्रहरी बल नेपाल नम्बर ३९ 'रिजर्भ गण' कार्यालयको उद्घाटन गर्नुभएको हो ।

नयाँ रिजर्भ गण स्थापनासँगै प्रदेशका आठ वटै जिल्लामा सीमा सुरक्षाका लागि अतिरिक्त जनशक्ति विन्यास गर्न थालिएको गणले जनाएको छ । गणमा अन्य ठाउँबाट नयाँ पदस्थापन भई जनशक्ति आउने क्रम सँगसँगै आवश्यकताका आधारमा विन्यास पनि सँगसँगै गर्न थालिएको नवस्थापित नम्बर ३९ रिजर्भ गणका गणपति तथा सशस्त्र प्रहरी उपरीक्षक सुरेन्द्र बुढाथोकीले सञ्चारकर्मीलाई जानकारी दिनुभयो । यस गणमा ६२१ जनशक्ति रहने व्यवस्था छ ।

सीमा नाकाको सुरक्षा, त्यसको व्यवस्थापन र जनशक्ति परिचालनको काम गर्न नेपाल सरकार मन्त्रिपरिषद्को बैठकले गत असार २९ गते 'रिर्जभ गण'को स्थापना गर्ने निर्णय गरेअनुरुप नयाँ गण स्थापना भई सञ्चालनमा आएको हो । यो नवस्थापित गणले विपद् व्यवस्थापन, राहत तथा उद्धार, सीमामा हुने क्रियाकलापहरूको निगरानी गर्ने जिम्मेवारी पाएको छ ।

अहिले प्रदेश-२ का दुई स्थानमा सशस्त्र प्रहरी उपरीक्षकको नेतृत्वमा रिर्जभ गणको स्थापना गरिएको छ । बर्दिवासका साथै अर्को बाराको पिलुवामा यस्तै गण स्थापना गरिएको बाहिनीपति ब्रम्हचार्यले बताउनुभयो । दुवै गण प्रदेशका आठ वटै जिल्लामा आवश्यकतानुसार परिचालित हुनेछन् । सामान्य रेखदेखको कुरामा पर्सा, बारा, रौतहट र सर्लाही जिल्ला पिलुवाले र महोत्तरी, धनुषा, सिरहा र सप्तरी जिल्ला बर्दिवासले सम्बन्धित जिल्लास्थित गणको समन्वयमा काम गर्ने गरी बाहिनीले निर्देशन गरेको छ ।

सशस्त्र प्रहरीले प्रदेश-२ को भारतसँग सीमा जोडिएको ४६४ किलोमिटर दूरीमा सीमा सुरक्षा प्रबन्ध बढाउन यस अघि नै ७३ नयाँ सीमा सुरक्षापोष्ट थप्ने गृहकार्य थालिसकेको छ । यसक्रममा १२ वटा पहिलो चरणमा स्थापना भएर धमाधम सञ्चालन गरिने क्रममा छन् । त्यसैगरी दोस्रो चरणमा २४ र तेस्रो चरणमा ३७ गरी प्रदेशभरि जम्मा १२३ सीमा सुरक्षापोष्ट पुर्‍याइने बाहिनीपति ब्रह्मचार्यले स्पष्ट पार्नुभयो ।

पहिलो चरणमा परेका केही स्थानमा नयाँ पोष्ट सञ्चालनमा आइसकेका छन् । यसअघि प्रदेशका आठ वटै जिल्लामा गरी ५० वटा सशस्त्र प्रहरी सीमा सुरक्षापोष्ट सञ्चालनमा थिए । सशस्त्र प्रहरी बलले रिर्जभ गण सञ्चालन गरेर सीमा सुरक्षापोष्ट र थप जनशक्ति बढाएसँगै सीमा क्षेत्रमा आपराधिक क्रियाकलापमा कमी आउने सीमाक्षेत्रका सर्वसाधारणले आस सँगालेका छन् ।

# पकरीमा कुटपिटबाट एक गम्भिर घाइते

**दैनिक समाचारदाता**
**राजविराज, २ असोज ।**

सप्तरीको महादेवा गाउँपालिका वडा नं. १ पकरीस्थित एक व्यक्तिलाई स्थानिय पाँच जनाको सामुहे बाँसको भाटाले निर्धात कुटपिट गरेका छन् । जसकारण उनी गम्भिर घाइते भइ अस्पताल भर्ना भएका छन् ।

महादेवा गाउँपालिका वडा नं. १ पकरी बस्ने गणेशी यादवका २८ बर्षिय छोरा धनश्याम यादवलाई सोही ठाउँका पाँच जनाले सामुहिक बाँसको भाटाले निर्घात कुटपिट गरेका हुन् ।

उनीह घाइते भई हाल राजविराजस्थित गजेन्द्र नारायण सिह अस्पतालमा उपचारका लागी भर्ना भएका छन् । सोही ठाउँका शिवराम यादव, देवराम यादव, शिवचन्द्र यादव, विवेक यादव, करण यादव र सुनिल यादवले बाँसको भाटाले निर्घात कुटपिट गरेको पीडितले जनाएका छन् ।

टाउको र शरिरका अन्य भागमा गम्भिर चोट लागेर सख्त घाइते भएको पीडितका दाजु श्याम नारायण यादवले सञ्चारकर्मीलाई बताए । पुरानो रिशइबी साधन पटक पटक कुटपिट गर्दै आएको बेला यो घटना ज्यान मार्ने उद्देश्यको रहेको उनले बताए । पीडित आरोपीहरु बिरुद्ध सम्बन्धि निकायमा उजुरी समेत दिएको उनले जानकारी दिए ।

## विश्व समाचार

# संयुक्त राष्ट्रसंघको महासभा भर्चुअल विधिबाट हुने, विश्वका १७३ नेताले सम्बोधन गर्ने

न्युयोर्क, २ असोज (रासस/एएनआई) ।

संयुक्त राष्ट्रसंघको अर्को हप्ता हुने महासभालाई विश्वका १७३ देशका नेताहरुले सम्बोधन गर्ने भएका छन् ।

कोभिड-१९ को संक्रमण विश्वमा नै नरोकिएका कारणले यस वर्षको संयुक्त राष्ट्रसंघको ७५ औं महासभा भर्चुअल प्रविधिबाट आयोजना गरिने भएको हो । संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रका ११९ जना राज्य प्रमुखका साथै अरु ५४ जना सरकार प्रमुखहरुले सो सभालाई भर्चुअल विधिबाट नै सम्बोधन गर्न लागेका बताइएको हो ।

महासभा संयुक्त राष्ट्रसंघको सबैभन्दा ठूलो निकाय हो । यो निकायको सम्मेलन यस पटक कोभिड-१९ को संक्रमणका कारण यसरी भर्चुअल विधिबाट हुन लागेको बताइएको छ । उक्त महासभाका लागि प्रवक्ता ब्रेन्दन बर्माले सो कुराको जानकारी दिनुभएको हो । बर्माले भन्नुभएको छ बिहीबारसम्ममा १७४ जना विश्वका नेताहरुले संयुक्त राष्ट्रसंघको महासभालाई सम्बोधन गर्ने कार्यक्रम तय भएको छ ।

उहाँले यसरी सम्बोधन गर्नेहरुमा विश्वका राज्य प्रमुखहरुमा ११९ जना रहनुभएको छ । उहाँहरुसमेत १७३ वटा देशका नेताहरुले सो महासभामा सम्बोधनका लागि दर्ता गराउनुभएको छ ।

न्युयोर्कमा संयुक्त राष्ट्रसंघको केन्द्रीय कार्यालयमा विश्वका देशका प्रतिनिधिहरु पुगिसकेका छन् । सदस्य राष्ट्रका नेताहरुले आफूले गर्ने सम्बोधनको रेकर्ड गरिएको प्रति पहिले नै उपलब्ध गराउने छन् र आ आफ्नो देशको पालोअनुसार उनीहरुको सो सम्बोधन प्रस्तुत गरिने छ ।

पहिलेका वर्षहरुमा करिब १०० वटा देशका प्रतिनिधिहरुले संयुक्त राष्ट्रसंघको महासभामा उपस्थित भएर सम्बोधन गर्ने कार्यक्रम रहेकोमा यस पटक भने भर्चुअल विधिबाटै गरिने भएकोले सो संख्या धेरै हुन पुगेको बताइएको छ ।

# अमेरिकी राष्ट्रपति ट्रम्प राष्ट्रसंघको महासभामा उपस्थित नहुने

वासिङ्टन, २ असोज (रासस/एएनआई) ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले संयुक्त राष्ट्र संघको साधारण सभामा व्यक्तिगत रुपमा भाषण दिने आफ्नो योजनालाई त्याग्नु भएको ह्वाइट हाउसका चीफ अफ स्टाफ मार्क मेडोजले पत्रकारहरुलाई बताउनु भएको छ ।

संयुक्त राष्ट्रसंघको अर्को हप्ता हुने महासभालाई विश्वका १७३ देशका नेताहरुले सम्बोधन गर्ने भएका छन् । कोभिड १९ को सङ्क्रमण विश्वमा नै नरोकिएका कारणले यस वर्षको संयुक्त राष्ट्रसंघको ७५ औं महासभा भर्चुअल प्रविधिबाट आयोजना गरिने भएको हो ।

राष्ट्रपति कार्यालय ह्वाईट हाउसका मुख्य सचिव मार्क मेडोसले यस बारेमा पत्रकारहरुलाई जानकारी दिनुभएको हो । उहाँले राष्ट्रसंघीय ७५औं महासभामा राष्ट्रपति ट्रम्पले भिडियोमार्फत सम्वोधन गर्ने तयारी भएको पनि स्पष्ट पार्नुभयो ।

संयुक्त राष्ट्रसंघको महासभा गत मंगलबारदेखि शुरु भएको र यही सेप्टेम्बर ३० सम्म चल्ने तय भएको छ । महासभामा अहिले उच्चस्तरीय विभिन्न अन्तरक्रिया तथा छलफलहरु भइरहेको अधिकारीहरुले जनाएका छन् । महासभामा विश्वका ११९ जना राष्ट्र प्रमुख र ५४ जना सरकार प्रमुखहरुले सम्वोधन गर्ने कार्यक्रम रहेको छ । यसअघि मध्य अगस्टमा राष्ट्रपति ट्रम्पले महासभास्थलमै पुगेका आफू सहभागी हुने योजना रहेको पत्रकारहरुसँग बताउनुभएको थियो । तर त्यो योजना अहिले परिवर्तन भएको हो ।

कोरोनाभाइरसको महामारीका कारण विश्वभरी नै नकारात्मक असर गरिरहेका बेला पनि विद्युतीय माध्यमबाट महासभा सञ्चालन गरिएको हो ।

# 'कोभिड १९' बाट विश्वमा संक्रमितको संख्या तीन करोड तीन लाख नाघ्यो

वासिङ्टन, २ असोज (रासस/एएफपी) ।

विश्वभरी कोरोना भाइरस सङ्क्रमितको संख्या तीन करोड तीन लाख नाघेको संयुक्त राज्य अमेरिकास्थित जोन्स हप्किन्स विश्वविद्यालयले जनाएको छ ।

चीनको वुहानमा गत वर्ष पहिलो पटक देखिएको कोरोनाभाइरसबाट हालसम्म मृत्यु हुनेहरूको संख्या नौ लाख ५० हजार नाघेको पनि सो विश्वविद्यालयले जनाएको छ । यद्यपी विश्वमा कोरोना भाइरस सङ्क्रमित दुई करोड २० लाख ४६ हजार ४८८ व्यक्ति कोरोना मुक्त भएका छन् ।

कोरोना भाइरसबाट विश्वमै सबैभन्दा धेरै सङ्क्रमण र मृत्यु अमेरिकामा भएको छ । हालसम्म अमेरिकामा ६८, ७४,५९६ भन्दा बढी सङ्क्रमित भएका छन् भने २ लाख २ हजार २१३ जनाको मृत्यु भएको उक्त विश्वविद्यालयले जनाएको छ । दोस्रो धेरै सङ्क्रमित भारतका छन् भने तेस्रो बढी सङ्क्रमित रहेको देश ब्राजिल हो ।

मृतकको संख्याको हिसाबले ब्राजिल दोस्रो स्थानमा छ भने भारत तेस्रो स्थानमा छ । भारतमा कोरोनाभाइरस सङ्क्रमितको सङ्ख्या ५२ लाख नाघेको छ । ब्राजिलमा १,३५,०३१ जनाले कोरोनाभाइरसबाट ज्यान गुमाएका छन् भने भारतमा हालसम्म ८४,४०४ जनाको मृत्यु भएको छ । रुस १०,८५,२८१ सङ्क्रमितसहित चौथो स्थानमा छ भने पाँचौं स्थानमा रहेको पेरुमा ७,५०,०९८ व्यक्ति सङ्क्रमित छन् ।

विश्व स्वास्थ्य संगठनका अनुसार कोरोनाभाइरसबाट हालसम्म सबैभन्दा नराम्ररी प्रभावित देशका रूपमा अमेरिका, भारत र ब्राजिल रहे पनि पछिल्ला हप्तामा युरोपमा बढ्दो क्रममा सङ्क्रमण देखिएको छ ।

# ग्लोबल बैंकले स्वास्थ्य उपचारमा छुटका लागि अस्पतालसँग गर्‍यो सम्झौता




**दैनिक समाचारदाता**
**राजविराज, २ असोज ।**

ग्लोबल आइएमई बैंक शाखा राजविराजले आफ्ना ग्राहक, कर्मचारी तथा शेयरहोल्डरलाई स्वास्थ्य उपचारमा छुट दिने भएको छ ।

सो छुट सम्बन्धी ग्लोबल आइएमई बैंक शाखा राजविराज र छिन्नमस्ता एजुकेशनल ऐकेडेमी एण्ड कलेज प्रालिबीच सम्झौता भएको छ ।

बैंकका प्रबन्धक मनिष महासेठका अनुसार सम्पूर्ण खाताधारी, ग्राहक, एटिएम, डेबिड कार्ड, प्रिसिलेशन कार्ड प्रयोगकर्ता, क्युआर कोर्ड पेमेन्ट, शेयर होल्डर तथा उक्त बैंकका कर्मचारीहरुले स्वास्थ्य परिक्षण र उपचारमा विशेष छुट सुबिधा प्राप्त गर्ने छन् ।

उनले उक्त अस्पतालमा ग्लोबल आइएमई बैंकसँग आबद्धता रहेको कुनै प्रमाण पेश गरेपछि स्वास्थ्य परिक्षण, उपचार, ल्याब टेस्ट, यूसिजि, बेड शुल्क, आइसियु, सिटि स्क्यान, प्रसुती लगायतका स्वास्थ्य सेवामा १० प्रतिशत छुट पाउने सम्झौता भएको जानकारी दिए ।

त्यस्तै औषधीमा भने २ प्रतिशत मात्र छुट सुबिधा पाउने सम्झौता पत्रमा उल्लेख गरिएको छ । हाल २०७७ असोज १ गतेदेखी २ वर्षसम्मका लागि सो सुबिधा पाउने गरि भएको सम्झौतामा बैंकका तर्फबाट प्रबन्धक महासेठ तथा अस्पतालका तर्फबाट संचालक शैलेन्द्र मोहन झाले हस्ताक्षर गरेका छन् ।

## जसपा संविधान ...

लगायतका प्रावधानहरु पनि अधुरो र अपुर्ण राखिएको हुँदा सरकारले जारी गरेको संविधान दिवसमा भाग नलिने भन्दै विरोध गर्ने कार्यक्रम गरि मनाउन आफ्ना पार्टी तथा कार्यकर्ताहरुलाई विज्ञप्ति मार्फत आब्हान गरिएको छ ।

# विश्वकर्मा पुजामा गरिब, असहायलाई खाना खुवाउनुका साथै राहत बितरण



**दैनिक समाचारदाता**
**राजविराज, २ असोज ।**

विश्वकर्मा पुजाको अवसरमा एक संस्थाले गरिब, दलित, असहाय, एकल महिलालाई राहत वितरण गरेको छ ।

सप्तरीको महादेवा गाउँपालिका वडा नं. १ पकरीस्थित जय माँ काली कन्स्ट्रक्सन प्रा.लि.का प्रो. प्रतोस कुमार यादवले गरिब दलित असहाय एकल महिलालाई एक/एक थान साडी र बालबालिकाहरुलाई एक/एक थान कापी र सिसा कलम वितरण गरेका हुन् ।

धार्मिक कार्यक्रममा कतिपयले हजारौंको सांस्कृतिक कार्यक्रम गरेर खर्च गर्नु भन्दा गरिब, दलित, असहाय महिलालाई केही मात्रामा कोरोना भाईरसको महामारीको समयमा राहत रुवरुप आफुले मानवीय दृष्टिले सहयोग गरेको उनको भनाई छ ।

राहत वितरण प्रो. यादवका आमा हंसा देवी यादवले असहाय गरिब दलित एककल महिला ३० जनालाई एक/एक थान साडी र ४५ जना बालबालिकालाई एक-एक थान कापी र सिसाकलम वितरण गरिन् ।

सो कार्यकममा सहभागी सवैलाई एक छाकको भोजन समेत गराएको थियो । राहत वितरण कार्यकममा समाजवादी पार्टीका महादेवा गाउँपालिकाका अध्यक्ष दिप नारायण यादव, उपाध्यक्ष अशोक यादव, सचिव डम्मबर ठाकुर, वडा नं. १ का अध्यक्ष वौवालाल यादव, महिला मंचका रेखा कुमारी यादव, महेन्द्र यादव, बिनोद कुमार यादव, सञ्चारकर्मी देवराम यादव लगायतको उपस्थिति रहेको थियो ।


**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) को पालना गरौं ।**

**समाचार प्रकाशन/प्रसारण गर्दा महिला र बालबालिकाका संवेदनशीलतालाई ध्यान दिऔं ।।**

**पत्रकार र सञ्चारमाध्यमले हिंसा, आतंक, अश्लिलता र अपराधलाई प्रश्रय दिने गरी समाचार सम्प्रेषण नगरौं ।।**

पत्रकार तथा सञ्चारमाध्यमले हिसा, र अपराधलाई प्रश्रय दिने वा आत्महत्या गर्न उक्साउने, अश्लिल, सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा त्रास उत्पन्न गर्ने किसिमका सामग्री -उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**



# NOVEL CORONA VIRUS (nCOV)

**सर्वसाधारणका लागि जनचेतनामुलक संदेश**

**नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू**


ज्वरो
(१००.४°F भन्दा माथि)


श्वास प्रश्वासमा अत्याधिक समस्या


रुघा र खोकी

*"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

**नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?**

नियमित रूपमा साबुन-पानीले हात धुने ।


खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।


फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।


फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।


जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।


पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।


नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**



# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*